# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, कात्तिक ९ गते, २०७४ साल (अतिरिक्ताङ्क २६

## भाग ३

## निर्वाचन आयोगको सूचना

### स्थानीय तह निर्वाचन (चौथो संशोधन) नियमावली, २०७४

स्थानीय तह निर्वाचन नियमावली, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "स्थानीय तह निर्वाचन (चौथो संशोधन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम २९ मा संशोधन : स्थानीय तह निर्वाचन नियमावली, २०७३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २९ को,-

(१) उपनियम (२क) पछि देहायको उपनियम (२ख) थपिएको छ :-

"(२ख) उपनियम (२) र (२क) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले गराउने कुनै निर्वाचनको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रयोजनको लागि मुख्य निर्वाचन अधिकृतको रुपमा नियुक्त भएको जिल्ला न्यायाधीशलाई आयोगले न्याय परिषद्को परामर्शमा सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको निर्वाचनको लागि समेत मुख्य निर्वाचन अधिकृतको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ ।"

(२) उपनियम (३) मा रहेका "उपनियम (१) वा (२)" भन्ने शब्दहरुको सट्टा "उपनियम (१), (२), (२क) वा (२ख)" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल नियमावलीको नियम ३० मा संशोधन : मूल नियमावलीको नियम ३० को,-

(१) उपनियम (१) मा रहेका "उपनियम (१) र (२)" भन्ने शब्दहरुको सट्टा "उपनियम (१), (२), (२क) वा (२ख)" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (३) मा रहेका "उपनियम (२)" भन्ने शब्दहरुको सट्टा "उपनियम (२), (२क) वा (२ख)" भन्ने शब्दहरु राखिएका छन् ।

**आज्ञाले,**
**बेगेन्द्रराज शर्मा पौड्याल**
**सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।